## चम्किँदो....

बढी खोजबिन गर्नु पर्दैन । यो संविधान गयो भने लोकतन्त्र बच्दैन । लोकतन्त्र र संविधानको अभिन्न नाता छ । यो संविधानसभाबाट यस्तो संविधान चाहिएको थियो प्रथमतः जो आन्दोलनहरूको दस्तावेज बनोस् । जसले विविधतालाई जोड्ने अभिरेखांकन गरोस । जसले सम्भावनाको लिक कोरोस । नेपाली समाजको भावी परिकल्पना गरोस । कोही विजेता र कोही विजितका रूपमा आफूमा विभक्त नरहुन् । यसले दिशानिर्देश गरोस्, जो जहाँ छ लोकतन्त्रको मूल्यलाई उन्नत गरोस । तर, सोचेजस्तो भएन । जो शक्तिहरू संविधानप्रति असन्तुष्ट थिए, उनीहरू यतिखेर विभाजित छन । केके सच्याउनुपर्ने त्यसमै अलमल र अन्योल छ । तर, एउटा ठूलो समुदायमा पराजयको मनोविज्ञानबाट उन्मुक्तिका लागि लोकतान्त्रिक भनिएको राज्यले गर्नुपर्ने आधारभूत दायित्व पनि पूरा गरिदिएन । त्यसैले घाउ आलै छ ।

के यो संविधान केवल कागजमा मात्रै हो ? होइन । हामीकहाँ जुन पोलिटिकल कम्युनिटी छ, त्यसमा कुनै विरोधी पक्ष नै छैन । सिंगो राजनीति नै वैचारिक रूपले एक छ । यसले नैराश्य थप्यो । नयाँ-पुराना सबै उस्तैउस्तै देखिए । भारतीय संविधानका निर्माता भीमराव अम्बेडकरले भनेका थिए, जो हाम्रो सन्दर्भमा समेत मननीय छ । 'म ठान्दछु कि संविधान चाहे जति नै राम्रो होस्, त्यो खराब हुन सक्छ । यदि त्यसको अनुसरण गर्ने वालाहरू खराब भए । एउटा संविधान चाहे जति नै खराब होस्, त्यो राम्रो सावित हुन सक्छ यदि त्यसको पालन गर्नेहरू असल भए भने । संविधानको प्रभावशीलता पूरै त्यसको प्रकृतिमाथि निर्भर हुँदैन ।'

संविधानलाई पूजा अर्चनाको वस्तु बनाइने उपक्रम तीव्र बनाइएको छ । सत्ता पुरुषहरूलाई लाग्छ, यसले लोकतन्त्रविरोधी छाललाई छोप्न सकिन्छ । संविधानले राजनीति र समाजको अपेक्षित कायाकल्प गरिदिएन । सामाजिक बदलावको गति तीव्र बनाएन । विभिन्न संघर्षको साझा उपलब्धिका रूपमा आफूलाई खडा गरेन । तर, यसको अर्थ संविधान च्यात्ने मनसुबालाई हौसला बढाउन सकिँदैन । प्रतीक्षा गर्नु पनि एक कला हो । केही मान्छेहरू यसरी आनन्दले प्रतीक्षारत रहन्छन् कि प्रतीक्षा गर्नु जिन्दगीको गीत हो । र, त्यसलाई बिस्तारै गुनगुनाइरहेका हुन्छन् । संविधानले नागरिक बलियो बनाउने बाटो देखाउँछ, बाटोमा छेकवार लगाउँदैन । यसका लागि साझा प्रयत्न चाहिन्छ । संविधान संशोधनको कुनै पनि प्रयास अँध्यारो कोठाबाट हुनुहुँदैन । अतार्किक बहस र अन्धश्रद्धाले उत्पन्न अराजक भीडको दबाबमा हुन सक्दैन । संविधान संशोधनको अनुष्ठान लोकतन्त्रलाई अझ गहिरो र उन्नत बनाउने लक्ष्यका साथ हुन्छ ।

यो सत्य हो, संविधान चर्किंदो छ । विभिन्न वर्चश्वशाली शक्तिहरूको शरणालय बनेको छ यो । यो एक गुपचुप सम्झौता हो । आम नेपालीलाई चाहिएको छ सस्तो, सुलभ र शीघ्र न्याय । तीनवटै संवैधानिक संस्था लँगडो भएर हिँड्दै छन । तिनका धमनीहरूमा आस्थाको रगत निरुपित गर्नु लोकतन्त्रका लागि आवश्यक छ । संविधान एक उर्वर भूमि हो । त्यसमा प्रत्येक पाँच वर्षमा जनविश्वासको बालीको बीज छरिन्छ । मतदाता किसान हुन्छन । खुसी हुन्छन् त्यतिखेर जब बाली पाकेपछि सुदिन आउँछ । यो संविधान उत्कृष्ट कहलिएर पनि सबैभन्दा कठिन र चुनौतीपूर्ण यात्रामा छ । यो एक प्रकारले विशाल क्यानभास वा कक्षाकोठाको ब्ल्याकबोर्ड बन्नुपर्ने हो । जसमाथि कुनै उज्यालो मान्यता लेखन सकिन्छ । अफशोच, तिनीहरूका कण्ठमा संविधानको वाचन त छ, कर्ममा होइन ।

संविधान आयो तर पनि सबैको संविधानका लागि लडाइँ जारी छ । आजको दिन लोकको शक्तिमा भरोसा राख्ने सबैका लागि आत्मनिरीक्षण र परीक्षणको अवसर हो । कथाको त्यो सिसिफसले कैयौं पटक ढुंगालाई पहाडबाट तल झर्दै गरेको हेर्‍यो होला । नागरिक अधिकार अभ्यासको सिसिफियन चरित्र एउटा यस्तो उद्यम जो प्रायः एउटा ढुंगालाई हजारौं पटक पहाडमाथि धकेल्दै लैजान्छ । तर कहिल्यै पनि शीर्षमा पुग्न सक्दैन । हो, नेपाली लोकतन्त्रको लडाइँ सकिएको छैन । जो मान्छे-समुदाय ठान्दछन् कि मुक्ति एक्लै सम्भव छ, त्यो यसरी हुँदैन । मुक्ति जब भेटिन्छ, त्यो सामूहिक यत्नबाट नै हुन्छ ।

कस्तो अन्तरविरोध छ । जुन समुदाय पहुँच, प्रतिनिधित्व र प्रभुत्वमा अझै पछाडि रहे, यतिखेर उनीहरू संविधानका प्रति ज्यादै बफादार छन् । नेपाली लोकतन्त्रको सबैभन्दा ठूलो विरोधाभास छ कि जसलाई लोकतन्त्र र संविधानले सबैभन्दा बढी लाभ दियो, उनीहरू संविधानको सम्मान गर्दैनन । यो संविधान फगत कागजको दस्तावेज होइन, यसलाई परिवर्तनको नागरिक दस्तावेज बनाउन अझै स्वप्नशील हुन जरुरी छ । अब आआफ्नो डफली र आआफ्नो राग छाडौं । यतिबेला खिचडी पकाउने समय होइन ।

(ईकान्तिपुरबाट)

## अल्ट्रासाउन्ड....

त्यो आवाज सुन्न सकिँदैन ।

ध्वनि तरंग पानीमा छाल आए जसरी शरीरको भित्री बनावटहरुमा पुग्छन् । जसलाई अल्ट्रासाउन्ड मेसिनमा जडित कम्प्युटरले पछ्याएर आफ्नो स्क्रिनमा सो तरंगको संकेतलाई तस्वीर वा भिडियोमा देखाउँछ ।

अल्ट्रासाउन्ड कति बेला गरिन्छ ?

- गर्भवती भएको नभएको पत्ता लगाउन
- गर्भावस्थाको समयमा भ्रूणको अवस्थालाई अवलोकन गर्न
- भ्ररुण एउटा छ वा सोभन्दा बढी छ कि भनेर हेर्न
- गर्भावस्था भएको कति समय भयो पत्ता लगाउन र कति अवधि पछि प्रसूति गराउने निश्चित गर्न
- भ्ररूण बसेको आसन पत्ता लगाउन
- भ्ररूणको चाल र मुटुको दरको अवस्था हेर्न
- वंशाणुगत समस्या र अन्य भ्रूणमा हुन सक्ने दिमाग, स्पाइनल कर्ड र मुटुको समस्या पत्ता लगाउन
- गर्भनालमा पानीको मात्रा अवलोकन गर्न ।

प्रसूति तथा स्त्रीरोग विशेषज्ञले गर्भ रहेको २० सातामा अल्ट्रासाउन्ड गराउन सल्लाह दिन्छन् । सो अवधिमा गरिएको परीक्षणले भ्ररूणको विकास क्रम हेर्ने र लिङ्ग पहिचान गर्न मद्दत गर्छ । यद्यपि, लिङ्ग पहिचानबारे खुलाउन नमिल्ने प्रावधान छ । भ्ररूणको केही शंकास्पद देखिए थप स्क्यान हुनसक्छ ।

रोग पत्ता लगाउन

शरीरभित्रका कुनै पनि अंगमा समस्या वा राम्रोसँग काम नगरेको अवस्थामा समस्या पहिचान गर्न अल्ट्रासाउन्ड गरिन्छ । यसको मद्दतले झट्ट हेर्दा व्याख्या गर्न नसकिने दुखाइ, विना कारण सतह र भित्री भागमा निस्किएका गाँठागुठी बारे पत्ता लगाउन मद्दत गर्छ ।

छातीको समस्या, पेट दुखाइको मुख्य कारण पत्ता लगाउन कतिपय अवस्थामा अल्ट्रासाउन्डको प्रयोग हुन्छ । यो प्रविधिबाट मिर्गौलाको आकार, स्थान, बनावट अवलोकन गरिन्छ । मिर्गौलासँगै जोडिएका मूत्रथैली र गर्भाशयको अवस्था पनि हेर्न सकिन्छ । यसको मद्दतले मिर्गौलामा र त्यस भाग वरपर मासु पलाएको, ट्युमर र संक्रमण भएको पत्ता लगाउन सकिन्छ ।

स्तनमा गाँठागुठी र मासु पलाएको छ कि छैन, भएमा आकार कस्तो छ, कतिको सामान्य असामान्य छ भनेर हेरिन्छ । धमिनी र नसामा रगतको प्रवाह अवलोकन गर्न, मुटुको अवस्थाबारे जान्न पनि यो उपकरणको प्रयोग गरिन्छ । जसलाई डोपलर अल्ट्रासाउन्ड पनि भन्ने गरिन्छ । त्यस्तै, तल्लो पेटदेखिका अंगहरुको अवस्था हेर्न पनि परीक्षण गरिन्छ । जसमा मूत्रथैली, अण्डकोष, मलद्वार, गर्भाशय र योनीको अवस्था बुझ्न सकिन्छ ।

थाइराइड कति बढेको छ ? कुनै किसिमको मासुको डल्ला छ कि त्यो पत्ता लगाउन थाइराइड अल्ट्रासाउन्ड गरिन्छ । केही नमुना लिन पनि यसको प्रयोग हुन्छ । जस्तो कि, जोर्नी, मांसपेशी, मासुको डल्ला, नरम तन्तु, कलेजो, मिर्गौला र अण्डकोषबाट नमुनाका लागि थोरै तरल पदार्थ लिनको लागि पनि अल्ट्रासाउन्डको सहायता लिनुपर्छ । यस्तोमा अल्ट्रासाउन्डको मद्दतले अंगमा हेर्दै सम्बन्धित भागबाट सुईले तरल पदार्थ निकालिन्छ ।

अल्ट्रासाउन्ड कसले गर्छ ?

यो परीक्षण दक्ष रेडियोलोजिस्टले गर्छन् । तर हचुवाको भरमा दक्षता नभएकोबाट परीक्षण गराउँदा परीक्षणको गुणस्तरमा प्रभाव पर्न सक्छ । त्यसैले रेडियोलोजीबारे ज्ञान र अनुभव भएका रेडियोलोजिस्टबाट मात्रै परीक्षण गराउन उचित हुन्छ ।

(स्वास्थ्यपेजबाट)

## एक करोड....

त्यसैगरी आर्थिक वर्ष २०७९/०८० मा २५३४० किलोग्राम बराबरका ९०२ वटा खसीबोका बिक्री भएको गुरुङले बताउनुभयो । उक्त वर्ष खसीबोका बिक्रीबाट एक करोड ३० लाख ७५ हजार ७०८ रुपैयाँ बराबरको आर्थिक कारोबार भएको उहाँले बताउनुभयो । सहकारी संस्थामार्फत् ५९ वटा समूह गठन गरिएको छ । सहकारीले गठन गरिएका समूहका किसानहरुबाट खसीबोका तथा बाख्रा खरिद गर्दै आएको छ । सहकारीमार्फत गठन गरिएका ५९ वटा समूहका किसानलाई सहकारीबाट खसीबोका तथा बाख्रापालनका लागि ऋणसमेत उपलब्ध गराउँदै आएको प्रबन्धक गुरुङले बताउनुभयो । अन्य समयमा भन्दा दसैं तिहारको समयमा खसीबोकाको माग बढी हुने र यही समयमानै बढी बिक्री हुने गरेको गुरुङले बताउनुभयो । हाल सहकारी आबद्ध किसानसँग ५२५ रुपियाँ प्रतिकिलोका दरले खसीबोका खरिद गर्ने र १० देखि १५ रुपैयाँ प्रतिकिलो बढाएर व्यापारीलाई बिक्री गर्ने गरेको उहाँको भनाइ छ ।


**ऋणी तथा एकल/धनजमानीहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. तथा धितोमा रहेको जग्गाको विवरण**

| ऋणीको नाम ठेगाना : लम्की, कैलाली | शाखा कार्यालय : भजनी, कैलाली | शाखा कार्यालय : सानोश्री, बर्दिया |
| --- | --- | --- |
| **४०.** ऋणीको नाम : सानु ओली, पिता/पतिको नाम : जित बहादुर ओली, बाजे/ससुराको नाम : दिलिप ओली, स्थायी ठेगाना : लम्की चुहा-६, कैलाली, ना.प्र.नं. : ६७-०२-७५-०४०३०, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : लक्ष्मी देवि दर्लामी मगर, पिता/पतिको नाम : अम्मर बहादुर दर्लामी मगर, बाजे/ससुराको नाम : कर्ण बहादुर दर्लामी मगर, स्थायी ठेगाना : बलिया-६, कैलाली, ना.प्र.नं. : ६७३००२/२१८५ | **८४.** ऋणीको नाम : खलिकुन निशा, पिता/पतिको नाम : लियाकत अलि जागा, बाजे/ससुराको नाम : मनुवार अलि जागा, स्थायी ठेगाना : भजनी-३, कैलाली, ना.प्र.नं. : ६७-०२-७४-०१९५१, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : लियाकत अलि जागा, पिता/पतिको नाम : मनुवार अलि जागा, बाजे/ससुराको नाम : हजुर वकस जागा, स्थायी ठेगाना : भजनी-३, कैलाली, ना.प्र.नं. : ६७-०२-०७४-००१४१ | |
| | **शाखा कार्यालय, राजापुर, बर्दिया** | |
| **४१.** ऋणीको नाम : सरिता कुमारी थापा मगर, पिता/पतिको नाम : रंगविर थापा, बाजे/ससुराको : गोहन थापा मगर, स्थायी ठेगाना : बराहताल-१, सुर्खेत, ना.प्र.नं. : ६४-०१-७४-०७३०६, कर्जाको शीर्षक : आकस्मीक<br>एकलजमानीको नाम : रमेश बहादुर बुढा, पिता/पतिको नाम : हर्क बहादुर बुढा, बाजे/ससुराको नाम : कपे बुढा, स्थायी ठेगाना : दुगौली-१,कैलाली, ना.प्र.नं. : ६७२०४१/४६२५९<br>**४२.** ऋणीको नाम : सिता दुलारी चौधरी, पिता/पतिको नाम : कृष्ण बहादुर चौधरी, बाजे/ससुराको नाम : कालुराम थारु, स्थायी ठेगाना : नारायणपुर-१,कैलाली, ना.प्र.नं. : ६१४४, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : कृष्ण बहादुर चौधरी, पिता/पतिको नाम : लिखराम चौधरी, स्थायी ठेगाना : नारायणपुर-१,कैलाली, ना.प्र.नं. : ५७२८<br>**४३.** ऋणीको नाम : सिता शाही, पिता/पतिको नाम : ज्ञान बहादुर शाही, बाजे/ससुराको नाम : सुर्य बहादुर शाही, स्थायी ठेगाना : टिकापुर-४,कैलाली, ना.प्र.नं. : ६७२०४०/२३९२६, कर्जाको शीर्षक : साधारण/आकस्मीक<br>एकलजमानीको नाम : नर बहादुर शाह, पिता/पतिको नाम : धन बहादुर शाह, बाजे/ससुराको नाम : रण बहादुर शाह, स्थायी ठेगाना : दर्ना-८, अछाम, ना.प्र.नं. : ६/२९१ | **८५.** ऋणीको नाम थर : मोतीया कुमारी चौधरी, पिता/पतिको नाम थर : लैला थारु, बाजे/ससुराको नाम थर : पुरन वहादुर थारु, स्थायी ठेगाना : वदालपुर-८, वर्दिया, ना.प्र.नं. :११/६४,कर्जाको शीर्षक : आशा उद्यमशिलता<br>१. धनजमानीको नाम : कुकुलाल चौधरी, पिता/पतिको नाम थर : राधेश्याम थारु, बाजे/ससुराको नाम थर : शंकर थारु, स्थायी ठेगाना : वदालपुर-१, वर्दिया, ना.प्र.नं. : १६३१-२९३<br>२. धनजमानीको नाम : चन्द्र लाल चौधरी, पिता/पतिको नाम : वुद्दि प्रसाद थारु, बाजे/ससुराको नाम थर : फुलपत थारु, स्थायी ठेगाना : वदालपुर-२, वर्दिया, ना.प्र.नं. :३/९३१<br>३. धनजमानीको नाम : लैला थारु, पिता/पतिको नाम : पुरन वहादुर थारु, बाजे/ससुराको नाम : रंगी लाल थारु, स्थायी ठेगाना : वदालपुर-८, वर्दिया, ना.प्र.नं. : ११/६३<br>धितोमा रहेको जग्गाको विवरण :<br>जग्गाधनीको नाम : लैला थारु, जग्गाको ठेगाना : वदालपुर-१, वर्दिया, कित्ता नं. : ६४६, क्षेत्रफल :०-८-७.५-० (२८३६.०१ व.मी.) | |
| **४४.** ऋणीको नाम : सुमित्रा खनाल, पिता/पतिको नाम : नरेन्द्र प्रसाद खनाल, बाजे/ससुराको नाम : गणेश प्रसाद खनाल, स्थायी ठेगाना : बलिया-८, कैलाली, ना.प्र.नं. : ६७२००२/३५२१०, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : दिपक धमाला, पिता/पतिको नाम : दुर्गा प्रसाद धमाला, बाजे/ससुराको नाम : मुक्ति प्रसाद धमाला, स्थायी ठेगाना : लम्कीचुहा-३, कैलाली, ना.प्र.नं. : ६७-०२-७४-०६२८०<br>**४५.** ऋणीको नाम : तिल कुमारी सिंह, पिता/पतिको नाम : जगत बहादुर शाह, बाजे/ससुराको नाम : दिप बहादुर शाह, स्थायी ठेगाना : पाताभार-९,बर्दिया, ना.प्र.नं. :४/१२४८,कर्जाको शीर्षक : आकस्मीक<br>एकलजमानीको नाम : मिना देवि शाही, पिता/पतिको नाम : जुद्ध ब. शाही, बाजे/ससुराको नाम : गोरख ब. शाही, स्थायी ठेगाना : दौलतपुर-६,बर्दिया, ना.प्र.नं. : १२३३६ | **८६.** ऋणीको नाम : मिना आचार्य, पिता/पतिको नाम : विष्णु प्रसाद आचार्य, बाजे/ससुराको : पदम लाल आचार्य, स्थायी ठेगाना : राजापुर-७, बर्दिया, ना.प्र.नं. : १८९९४, कर्जाको शीर्षक : आशा उद्यमशिलता<br>१. धनजमानीको नाम : आकाश आचार्य, पिता/पतिको नाम थर : विष्णु प्रसाद आचार्य, बाजे/ससुराको नाम थर : पदम लाल आचार्य, स्थायी ठेगाना : राजापुर-३, वर्दिया, ना.प्र.नं. :६५-०२-७५-००८७०<br>२. धनजमानीको नाम : टिका वहादुर देवकोटा, पिता/पतिको नाम : विनि वहादुर देवकोटा, बाजे/ससुराको नाम :सोभाराम देवकोटा क्षेत्री, स्थायी ठेगाना : राजापुर-७, वर्दिया, ना.प्र.नं. :१०७५९<br>धितोमा रहेको जग्गाको विवरण :<br>जग्गाधनीको नाम : मिना आचार्य, जग्गाको ठेगाना : राजापुर-२, वर्दिया, कित्ता नं. : ६६२, ६७२, क्षेत्रफल : (०-०-१०-०, ०-०-१०-०) (१६९.३० व.मी., १६९.३० व.मी.) | |
| **४६.** ऋणीको नाम : तृष्णा अधिकारी, पिता/पतिको नाम : रमेश न्यौपाने, बाजे/ससुराको नाम : नर देव न्यौपाने, स्थायी ठेगाना : दशरथपुर-३,सुर्खेत, ना.प्र.नं. : ६४-०१-७१-०६४२५, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : मिना खड्का, पिता/पतिको नाम : देविराम खड्का, बाजे/ससुराको नाम : नन्दसिंह खड्का, स्थायी ठेगाना : सुगरखाल-८,कैलाली, ना.प्र.नं. : ६७२००१/३२७३३<br>**४७.** ऋणीको नाम : उर्मिला कुमारी चौधरी, पिता/पतिको नाम : अर्जुन चौधरी, बाजे/ससुराको नाम : लक्ष्मी डगौरा थारु, स्थायी ठेगाना : प्रतापपुर-४, कैलाली, ना.प्र.नं. : ६७-२३-७०/००२३२, कर्जाको शीर्षक : साधारण<br>एकलजमानीको नाम : भोजराज थारु, पिता/पतिको नाम : हेमन्त प्रसाद थारु, बाजे/ससुराको नाम : फुलपत थारु, स्थायी ठेगाना : प्रतापपुर-४, कैलाली, ना.प्र.नं. : १८१३-५० | **८७.** ऋणीको नाम : शान्ती देवी चौधरी, पिता/पतिको नाम : राजेन्द्र कुमार चौधरी, बाजे/ससुराको नाम :वावु राम चौधरी, स्थायी ठेगानाः दौलतपुर-२, वर्दिया, ना.प्र.नं. : ६५३०२७/४५, कर्जाको शीर्षक : आशा उद्यमशिलता<br>१. धनजमानीको नाम : राजेन्द्र कुमार चौधरी, पिता/पतिको नाम : वावु राम चौधरी, बाजे/ससुराको नाम :वेफु थारु, स्थायी ठेगाना : दौलतपुर-२, वर्दिया, ना.प्र.नं. : ८६४<br>२. धनजमानीको नाम : राम कुमार चौधरी, पिता/पतिको नाम :भवन लाल थारु, बाजे/ससुराको नाम :अंग्रेजुवा थारु, स्थायी ठेगाना : गोला-२, वर्दिया, ना.प्र.नं. : ६५२०२९/३८७<br>३. धनजमानीको नाम :देवारी लाल चौधरी, पिता/पतिको नाम :पुनाराम थारु, बाजे/ससुराको नाम :रामश्रे थारु, स्थायी ठेगानाःपशुपतिनगर-२, वर्दिया,ना.प्र.नं. :६५२०३०/४६१<br>धितोमा रहेको जग्गाको विवरण :<br>जग्गाधनीको नाम : वावुराम चौधरी, जग्गाको ठेगाना : दौलतपुर-२, वर्दिया, कित्ता नं. : (४६२, ४७०, ४७५, ४८७)क्षेत्रफल : (०-३-०, ०-४-०, ०-२-०, ०-३-१०) | |
| | **८८.** ऋणीको नाम : सरिता कुमारी मिश्र, पिता/पतिको नाम :टिका वहादुर देवकोटा, बाजे/ससुराको नाम :विनि वहादुर देवकोटा, स्थायी ठेगानाः प्रतापपुर-२, कैलाली, ना.प्र.नं. : २५७३६,<br>कर्जाको शीर्षक : लघुउद्यम<br>१. धनजमानीको नाम : विष्णु प्रसाद चौलागाई, पिता/पतिको नाम :राजेन्द्र चौलागाई, बाजे/ससुराको नाम : विष्णु रुद्र चौलागाई, स्थायी ठेगाना : राजापुर-७, वर्दिया, ना.प्र.नं. :६५२०२२-१३१५<br>२. धनजमानीको नाम : टिका वहादुर देवकोटा, पिता/पतिको नाम : विनि वहादुर देवकोटा, बाजे/ससुराको नाम : सोभाराम देवकोटा, स्थायी ठेगाना : राजापुर-७, वर्दिया, ना.प्र.नं. :१०७५९ | |
| | **८९.** ऋणीको नाम : खिदिया थरुनी, पिता/पतिको नाम : वाधुराम थारु, बाजे/ससुराको नाम :राधेश्याम थारु, स्थायी ठेगानाः वदालपुर-१, वर्दिया, ना.प्र.नं. : ६५३०२५/८१७, कर्जाको शीर्षक : लघुउद्यम<br>१. धनजमानीको नाम : वाधुराम चौधरी, पिता/पतिको नाम : राधेश्याम थारु, बाजे/ससुराको नाम : शंकर थारु, स्थायी ठेगाना : वदालपुर-१, वर्दिया, ना.प्र.नं. :१५४३<br>२. धनजमानीको नाम : रविन चौधरी, पिता/पतिको नाम : वाधुराम चौधरी, बाजे/ससुराको नाम थर : राधेश्याम थारु, स्थायी ठेगाना : राजापुर-५, वर्दिया, ना.प्र.नं. :६५-०२-७५-०२८७० | |
| | **९०.** ऋणीको नाम : वसन्ती वुढा, पिता/पतिको नाम : कृष्ण वहादुर वुढा, बाजे/ससुराको नाम :नार्स्या वुढा, स्थायी ठेगानाः ताराताल-७, वर्दिया, ना.प्र.नं. : ३३७७५, कर्जाको शीर्षक : साधारण | |

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.

केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना :ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np



नगरबासीहरुमा हार्दिक अनुरोध

जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।

घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।

सडक अवरोध हुने गरी निर्माण सामाग्री नराखौं, सडक सफा राखौं ।

आफ्नो चौपाया छाडा नछाडौं, न्यूनीकरणमा सहकार्य गरौं ।
करहरु समयमै बुझाई विकास निर्माणमा सहयोग गरौं ।
रुख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।

आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरु तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

गुठिचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, जुम्ला



जनहितमा जारी सूचना

☞ खाना खानुभन्दा अघि साबुन पानीले मिचिमिची हात धोऔं ।
☞ दिसापिसाब गर्न शौचालयको अनिवार्य रुपमा प्रयोग गरौं ।
☞ सरुवा रोगबाट बालबालिकालाई जन्मेको १५ महिनाभित्र सम्पूर्ण खोप पूरा गरौं ।
☞ पोषिलो खाना खाऔं, खुवाऔं र स्वस्थ बनौं ।
☞ मद्यपान र धुम्रपानबाट टाढै रहौं ।
☞ वर्षातको समय र मौसम परिवर्तन हुने समयमा विशेष सावधानी अपनाऔं ।
☞ स्वस्थकर आनीबानी अपनाऔं ।
☞ पोषणयुक्त खानाको घरमै उत्पादन र उपयोग बढाऔं ।
☞ आयोडिनयुक्त नुनको प्रयोग गरौं ।
☞ लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं र घरको वरिपरि पानी जम्ने खाडलहरु पुरौं ।

चन्दननाथ नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, जुम्ला